☎: ०६१-४२१२१५

# श्री गोगन माध्यमिक विद्यालय
# SHREE GOGAN SECONDARY SCHOOL
पोखरा महानगरपालिका -३२, गगनगौंडा, कास्की, गण्डकी प्रदेश, नेपाल
Pokhara Metropolitan City-32, Gagangaunda, Kaski, Gandaki Province, Nepal
स्था. : २०२५ वि.सं.
Estd.: 2025 B.S.

पत्र संख्या :०८३/०८४
चलानी नं :-४१

मिति/Date:-२०८३/०६/०१

श्री सम्बन्धित सबै ।

**विषय : रिक्त पदमा स्थायी शिक्षक सरुवा सम्बन्धमा ।**

प्रस्तुत विषयमा यस श्री गोगन माध्यमिक विद्यालयमा प्राथमिक तह तृतीय श्रेणीको शिक्षक दरबन्दी १ (एक) रिक्त रहेको हुँदा विद्यालय व्यस्थापन समितिको मिति २०८३/०६/०१ गते बसेको बैठकको निर्णय बमोजिम उक्त रिक्त पदमा सरुवा प्रक्रियाबाट पूर्ति गर्नुपर्ने भएकोले सम्बन्धित तह र श्रेणीको योग्यता पुगेका स्थायी शिक्षकहरुवाट यो सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र (२०८३/०६/०१ देखि २०८३/०६/१५ गते सम्म) शिक्षानियमावलीको अनुसूचि १७ बमोजिमको ढाँचामा निवेदन दिन शिक्षानियमावली २०५९ (दशौं संशोधन २०८३) नियम २५ को सरुवा सम्बन्धी व्यवस्था बमोजिम सम्वन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

पेश गर्नुपर्ने कागजातहरु

१) सरुवाका लागि निवेदन ।
२) नेपाली नागरिकताको प्रतिलिपि ।
३) सेवा अवधि खुल्ने कागजात ।
४) शैक्षिक योग्यता र तालिमका प्रमाणपत्रहरुको प्रतिलिपि ।
५)हाल कार्यरत विद्यालय र स्थानीय तहमा हालको पदमा सुरु हाजिरी भएको कागजात ।
६) स्थायी नियुक्ति पत्रको प्रतिलिपि ।
७) असाधारण तथा वेतलबी बिदा सम्वन्धी कागजात ।
८) कार्यरत विद्यालयको सहमति पत्र ।
९) सम्बन्धित स्थानीय तहको सहमति पत्र ।
१०) शिक्षानियमावली, २०५९(दशौं संशोधन २०८३) को अनुसूचि १७ बमोजिमको फारम ।
११) शिक्षानियमावली, २०५९(दशौं संशोधन २०८३) बमोजिम प्राथमिकता दावी गर्ने प्रमाण र कागजात ।

उक्त अवधिमा प्राप्त भएका निवेदनहरु शिक्षानियमावली, २०५९(दशौं संशोधन २०८३) तथा प्रचलित कानुन बमोजिम मूल्याङ्कन गरी आवश्यक प्रक्रिया अगाडि बढाइने छ । म्याद नाघी वा तोकिए बमोजिमको रित नपुगी प्राप्त हुन आएका निवेदन उपर कुनै कारवाही हुने छैन ।

नोट : यस रिक्त दरवन्दीमा जिल्लान्तर सरुवा नहुने जानकारी गराइन्छ ।

वोधार्थ

१) श्री शिक्षा विकास तथा समन्वय इकाई, कास्की ( जानकारी तथा वेबसाइटमा यो सूचना प्रकाशित गरिदिनुहुन)
२) श्री पोखरा महानगरपालिका शिक्षा महाशाखा ( जानकारी तथा वेबसाइटमा यो सूचना प्रकाशित गरिदिनुहुन)
३) श्री पोखरा महानगरपालिकाका वडा कार्यालयहरु ( जानकारी तथा वेबसाइट मा यो सूचना प्रकाशित गरिदिनुहुन)
४) श्री विद्यालय सुचना अधिकारी ( सूचना पाटी तथा फेसबुक पेजका लागि )

थप जानकारीको लागि ९८४६०६६१३९, ९८६११८३०४३, ९८४६५३१६१०

Email gogansecondary4923@gmail.com

किरणबाबु न्यौपाने
प्रधानाध्यापक
प्रधानाध्यापक